# वातावरण र बालअधिकार: हामी सबैको सरोकार

## वातावरण संरक्षण र बालअधिकारसम्बन्धी सचेतना पुस्तिका



CWIN
सिविन–नेपाल

# वातावरण र बालअधिकार: हामी सबैको सरोकार

**वातावरण संरक्षण र बाल अधिकार सम्बन्धी सचेतना पुस्तिका**

CWIN
सिविन–नेपाल

# वातावरण र बालअधिकार : हामी सबैको सरोकार

**वातावरण संरक्षण र बाल अधिकारसम्बन्धी सचेतना पुस्तिका**

सल्लाहकार : सुम्निमा तुलाधर
तारक धिताल
संयोजन/सम्पादन : कुमार भट्टराई
लेखक : जीवन पन्थी, कविता गौतम
चित्र/लेआउट : सूर्यनारायण श्रेष्ठ
प्रकाशक : सिविन-नेपाल
पो.ब.नं. ४३७४, रबी भवन, काठमाडौं
फोन नं. ४२७८०६४, फ्याक्सः ४२७८०१६
वेवः www.cwin.org.np

प्रकाशन सहयोग : राष्ट्रिय प्रकृति संरक्षण कोष

साझेदार संस्थाहरु : ग्रामीण विकास टुकी संघ,

नामसालिङ्ग सामुदायिक विकास केन्द्र इलाम

# प्रकाशकीय एवम् धन्यवाद ज्ञापन

विभिन्न कारणबाट संसारभरी नै प्राकृतिक स्रोत, वातावरण, ईतिहास, संस्कृति र जैविक विविधताको विनास बढी रहेको छ । यसरी प्रकृतिको विनास हुँदैजाने हो भने कुनै दिन मानिसको वंश पनि मासिन सक्छ भन्ने त्रास सिर्जना भएको छ। तसर्थ यस विनासलाई सुरक्षा, स्याहार, सम्भार, सम्बर्द्धन, व्यवस्थापन तथा सदुपयोग गर्नु हामी सबैको कर्तब्य हो। यी कुराहरुलाई मनन् गर्दै वातावरणीय र जैविक विविधताको संरक्षणका लागि संसारभरी नै संरक्षण परियोजनाहरु बनाउन थालिएका छन्। यसक्रममा नेपालमा पनि वातावरण संरक्षण गरी भविष्यका सन्ततिले गुणस्तरीय वातावरणमा जीवनयापन गर्न पाउने अवस्थाको सृजना गर्न सरकारले विभिन्न संरक्षण क्षेत्रहरुको घोषणा गरिरहेको छ । गौरी शंकर संरक्षण क्षेत्रको घोषणा र राष्ट्रिय प्रकृति संरक्षण कोष मार्फत यसको कार्यान्वयन यसको पछिल्लो उदाहरण हो ।

समाजको महत्वपूर्ण अंगका रुपमा रहेका बाल बालिकाहरुको शारिरीक तथा मानसिक विकास उनीहरु बाँचेको वातावरणमा निर्भर हुने गर्दछ । स्वस्थ्य वातावरणले उनीहरुमा सकरात्मक असर पार्दछ भने नकरात्मक वातावरणले खराव असर पार्दछ। यसरी हेर्दा उनीहरुको सर्वोत्तम हित वातावरण संरक्षण र दीगो विकास तथा सुव्यवस्थापनमा रहेको हुन्छ । सिद्धान्ततः बालबालिकाले स्वच्छ वातावरणमा रहन पाउने उनीहरुको जन्मसिद्ध अधिकार पनि हो ।

वातावरणीय संरक्षणका लागि कुनै एउटा संस्था, व्यक्ति वा सरकार मात्रले पनि सक्दैन । यसका लागि बालबालिका लगायत सम्पूर्णको उत्तिकै दायित्व र भूमिका हुन सक्तछ । वातावरणीय संरक्षण सम्बन्धमा बालबालिकाको भूमिकाको कुरा गर्दा उनीहरुलाई स्वच्छ वातावरणसम्बन्धी अधिकारको पहिचान गराउँदै वातावरण संरक्षणमा उनीहरु स्वयम्ले गर्न सक्ने योगदानको पहिचान गरिनु आवश्यक भएको छ । तर वातावरणीय संरक्षणमा बालसहभागिता बढाउनका लागि जानकारीमूलक सामग्रीको अभाव खड्किएको विषयका रुपमा रहँदै आएको छ । यही आवश्यकतालाई परिपूर्ति गर्ने सन्दर्भमा **वातावरण र बाल अधिकार : हामी सबैको सरोकार** नामक पुस्तिका तयार गरिएको छ । यस पुस्तिकाले वातावरण संरक्षण र बालअधिकारका विषयमा आधारभूत जानकारीका लागि बालबालिका लगायत इच्छुक सबैका लागि स्रोत सामग्री बन्न सक्ने अपेक्षा गरेका छौं ।

यस पुस्तिकाको लेखन कार्यमा पर्यावरणका क्षेत्रमा कार्यरत संस्था द स्मल अर्थ नेपालका मित्र जीवन पन्थीले पुऱ्याउनु भएको सहयोग ज्यादै सह्राहनीय रहेको छ । यसैगरी यस कार्यमा सिविन भित्रबाट विशेष रुपमा कार्यकारी संयोजक सुम्निमा तुलाधर, कार्यक्रम संयोजक तारक धिताल, कार्यक्रम संयोजक कुमार भट्टराई र साजसज्जा गर्ने सूर्यनारायण श्रेष्ठको भूमिका महत्वपूर्ण रहेको छ । उहाँहरु सबै धन्यवादका पात्र हुनुहुन्छ ।

यसरी नै पुस्तिका प्रकाशनमा आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने साझेदार संस्था राष्ट्रिय प्रकृति

संरक्षण कोषप्रति सिविन-नेपाल हार्दिक कृतज्ञता व्यक्त गर्दछ । धन्यवादका क्रममा हामीलाई प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउने डिभलपमेण्ट फण्ड नर्वे, रोल्वालिङ्ग फउण्डेसन, ग्रामीण विकास टुकी संघ र नामसालिङ्ग सामुदायिक विकास केन्द्र लगायतका संघसंस्थाहरुलाई हार्दिक स्मरण गर्दछौं ।

पुस्तिकाका बारेमा विज्ञ पाठकबाट सदा झैं रचनात्मक सुझावको अपेक्षा राखेका छौं ।

धन्यवाद ।

**माधव प्रधान**
अध्यक्ष, सिविन-नेपाल

## विषय सूची


| | | |
|---|---|---|
| १. | परिचय | १ |
| २. | वातावरण भन्नाले के बुझिन्छ ? | ५ |
| ३. | वातावरणीय ह्रास भनेको के हो ? | ७ |
| ४. | वातावरणीय ह्रासका प्रभावहरु के के हुन् ? | १० |
| ५. | बालबालिकासँग वातावरणको कस्तो सम्बन्ध रहेको हुन्छ ? | १२ |
| ६. | जलवायु परिवर्तन भनेको कलाई भनिन्छ ? | १६ |
| ७. | जलवायु परिवर्तन कसरी हुन्छ ? | १७ |
| ८. | जलवायु परिवर्तनका असरहरु के के हुन् ? | १९ |
| ९. | जलवायु परिवर्तनका असरहरुलाई कसरी न्युनीकरण गर्न सकिन्छ ? | २२ |
| १०. | जलवायु परिवर्तनका चुनौतीहरु विरुद्ध बालबालिकाको तयारी | २४ |
| ११. | वातावरण संरक्षण तथा सम्बर्द्धनमा बालसहभागितामा अपनाउन सकिने उपायहरु | २७ |
| १२. | वातावरण संरक्षणमा बालबालिकालाई किन केन्द्रमा राखिनु पर्छ ? | ३१ |
| १३. | बातावरण संरक्षणका निम्ति विश्वस्तर र नेपालमा भएका प्रयासहरू | ३५ |
| १४. | जानी राखौं | ३८ |
| १५. | सन्दर्भ सामग्रीहरु | ४२ |

# परिचय

पृथ्वीका सम्पूर्ण प्राकृतिक स्रोत, वातावरण, इतिहास, संस्कृति, जैविक विविधताको बढ्दो विनाश कम गर्दै तिनीहरुको, सुरक्षा, स्याहार, सम्भार, सम्बर्द्धन, व्यवस्थापन तथा सदुपयोग गर्नु हामी सबैको कर्तब्य हो । यस्ता धरापमा परेका जीवजन्तुहरु तथा स्रोतहरुलाई बचाउन र कुनै दिन मानिसको वंश पनि मासिन सक्छ भनेर वातावरणमा हुने गरेका समस्याहरुको समाधान गर्न संरक्षण परियोजनाहरु बनाइएका छन् । वातावरण संरक्षण गरी भविष्यका सन्ततिले



गुणस्तरीय वातावरणमा जीवनयापन गर्न पाउने अवस्थाको सृजना गर्न सरकारले विभिन्न संरक्षण क्षेत्रहरुको घोषणा गरेको छ । यस्ता संरक्षित क्षेत्रहरुको व्यवस्थापन सफल बनाउनका निम्ति स्थानीय समुदायसँगै बालबालिकाको सहभागिता महत्वपूर्ण हुन सक्तछ ।

बालबालिका समाजका महत्वपूर्ण अङ्ग हुन् । उनीहरुको शारिरीक तथा मानसिक विकास वातावरणमा निर्भर हुने भएकाले वातावरण संरक्षण



र दीगो विकास तथा सुव्यवस्थापनमा उनीहरुको सर्वोत्तम हित निहित रहेको हुन्छ । स्वच्छ वातावरणमा सार्थक शिक्षा आर्जन गर्ने, मनोरञ्जन, खेल र आराम गर्ने, उचित स्वास्थ्योपचार लगायतका जीवनस्तर उकास्ने आधारहरु उनीहरुको अधिकार भित्रका कुराहरु हुन् । बालबालिकाहरुको शारिरीक, मानसिक, नैतिक र सामाजिक विकासका निमित्त आवश्यक पर्ने सुविधा र अवसरहरु प्राप्त गर्नु प्रत्येक बालबालिकाको जन्मसिद्ध अधिकार हो । उल्लेखित अधिकारहरुका अतिरिक्त आफ्नो जीवनमा असर गर्ने कुनै पनि काम वा निर्णय प्रक्रियामा बालबालिकाले सहभागिता जनाउने अधिकार पनि त्यत्तिकै सुरक्षित रहेको हुन्छ । यसै परिप्रेक्ष्यमा वातावरणीय संरक्षणका क्षेत्रमा बालसहभागिताको खोजि भएको हो ।

बालसहभागिताका सन्दर्भमा वास्तविकतालाई केलाउँदा वास्तवमा बालबालिका समाज परिवर्तनमा सहायक हुन सक्तछन् भन्ने कुरा व्यवहारमा नै पुष्टि भैसकेका छन् । समाजमा व्याप्त कतिपय कुरीति हटाउन बालबालिकाले खेलेको भूमिका अविश्मरणीय रहेको छ । त्यसैगरी बालबालिकालाई उनीहरुको जीवनमा प्रभाव पार्ने

नीति नियम वा योजना तर्जुमाका क्रममा सहभागी गराउँदा उनीहरुबाट प्रस्तुत भएका विचार र सुझावहरु साँच्चिकै मनन् योग्य छन् । देशका नागरिकका रुपमा बालबालिकालाई स्वीकार गरिसकिएको अवस्थामा उनीहरुको जीवनमा असर पार्ने हरेक क्षेत्रमा उनीहरुको सहभागिता अत्यावश्यक छ ।

बालबालिकाको जीवनमा असर पार्ने क्षेत्रका कुरा गर्दा वातावरणीय क्षेत्र पनि एक हो । तसर्थ वातावरणीय संरक्षणको प्रक्रियामा बालबालिकाको सहभागिता अपरिहार्य भएको छ । यसका निम्ति प्रथमतः उनीहरुलाई वातावरण संरक्षण सम्बन्धमा सचेत र जानकार गराउन आवश्यक छ । वातावरणीय संरक्षणका लागि बालबालिकाहरुमा सचेतना अभिवृद्धि र संरक्षण कार्यमा अभिप्रेरित गर्नकै लागि यस जानकारीमूलक पुस्तिका तयार गरिएको हो ।

# वातावरण भन्नाले के बुझिन्छ ?

पृथ्वीको सम्पूर्ण वाह्य तथा प्राकृतिक अवस्था जहाँ सम्पूर्ण सजीव तथा निर्जीव वस्तुहरुको समानुपातिक उपस्थिति रहेको परिस्थितिलाई नै वातावरण भनिन्छ । वातावरणीय तत्वहरुको समानुपातिक संरचनाका आधारमा पृथ्वीका तत्वहरुलाई जल, वायु र स्थल गरी प्रमुख तीन अंशमा बाँड्न सकिन्छ। यिनै तत्वहरुका आधारमा वातावरणलाई चार वटा मण्डलमा वर्गीकरण गर्न सकिन्छ।

## १. **वायुमण्डल (Atmosphere)**

पृथ्वीको सतहलाई विभिन्न ग्याँसहरुका कण, पानीको वाफ आदिले ढाकेको खण्डलाई वायुमण्डल भनिन्छ । यसले पृथ्वीको तापमानलाई अनुकुल बनाउनुका साथै सूर्यबाट आउने हानिकारक किरणहरुबाट जोगाउन मद्धत गर्दछ।

## २. **जलमण्डल (Hydrosphere)**

पृथ्वीको सतहमा रहेका सबै जलस्रोतहरुलाई जलमण्डल भनिन्छ। समुन्द्र, ताल, खोला, हिमनदी, पोखरी, सागर आदि पृथ्वीका जलस्रोतहरु हुन् ।

पृथ्वीको ९७% पानी समुन्द्रमा पाइन्छ जुन अत्याधिक नुनिलो हुन्छ र ३% पानी मात्र स्वच्छ हुन्छ ।

### ३. **भूमण्डल (Lithosphere)**

पृथ्वीको माटो, ढुङ्गा, खनिज र रासायनिक पदार्थले बनेको सतहलाई भूमण्डल भनिन्छ । यस भागमा मानवको दिनचर्या तथा अन्य जीवजन्तुहरुको कियाकलापहरु हुन्छन् ।

### ४. **जीवमण्डल (Biosphere)**

पृथ्वीमा पाइने जैविक बस्तुहरु जस्तै मानिस, बोटविरुवा, जनावर, सुक्ष्म जीव आदि जीवमण्डल अन्तर्गत पर्दछन् । यी जीवजन्त्तुहरुको एक आपसमा अन्तरसम्बन्ध रहेको हुन्छ । कुनै एक तहमा खलवल भयो भने सम्पूर्ण जीवलाई असर पर्दछ ।

वातावरणको रचना अनुसार यसलाई कृत्रिम र प्राकृतिक गरी दुई भागमा छुट्टाइएको छ ।

### १. **कृत्रिम वातावरण (Artificial Environment)**

मानिसले आफ्नो वातावरणमा पाइने श्रोतहरु प्रयोग गरी निर्माण गरिएको वातावरणलाई नै

कृत्रिम वातावरण भनिन्छ । जस्तै : गाउँ, शहर, समाज आदि ।

२. **प्राकृतिक वातावरण (Natural Environment)**

पृथ्वीमा रहँदै आएका नदीनाला, पहाड, वनजंगल, वायुमण्डल, आदिलाई प्राकृतिक वातावरण भनिन्छ ।

# वातावरणीय ह्रास भनेको के हो ?

वातावरण जैविक तथा अजैविक तत्वहरुको एक-आपसको अन्तरसम्बन्धले बनेको हुन्छ । जैविक तत्व भन्नाले प्राण भएको वस्तु जस्तै वनस्पति तथा जीवजन्तुहरुलाई जनाउँछ भने अजैविक तत्वले प्राण नभएका वस्तु जस्तै प्रकाश, पानी, माटो, हावा, तापक्रम, वर्षा, उचाई, आद्रता आदिलाई जनाउँछ । यस्ता अजैविक तत्वहरुको समानुपातिक संरचनामा आएको असन्तुलनले सम्पूर्ण मानव जाति तथा जैविक वस्तुहरु र पृथ्वीको सतहमा नकारात्मक असरहरु पार्दछ । यस्तो वातावरणीय क्षतिलाई वातावरणीय ह्रास भनिन्छ ।

वातावरणीय ह्रासका कारणहरु धेरै छन्, जसलाई प्राकृतिक र मानव सिर्जित गरी दुई मुख्य वर्गमा विभाजन गर्न सकिन्छ ।

**क) प्राकृतिक प्रकोप (Natural Disasters)**

भूमण्डलमा प्राकृतिक हलचलका कारण अचानक उत्पन्न हुने घटना वा नकारात्मक परिणामलाई प्राकृतिक प्रकोप भनिन्छ । जस्तै-

१. भूकम्प (Earthquake)

२. ज्वालामुखी (Volcano)

३. आँधीबेहेरी (Storm)

४. बाढी (Flood)

५. पहिरो (Landslide)

६. डढेलो (Forest Fire)

**ख) मानव सिर्जित वातावरणीय विनाश (Man Made Environmental Degradation)**

वातावरण माथि मानव लगायत अन्य जीवजन्तुहरुले निरन्तर रुपमा अतिक्रमण गरेका कारण वातावरणीय ह्रास गतिशील हुने प्रक्रियालाई

मानव सिर्जित वातावरणीय विनाश भनिन्छ । वातावरण परिवर्तन गर्ने मुख्य तत्वहरु निम्न लिखित छन्-

१. जनसंख्या वृद्धि (Over Population)

२. प्राकृतिक स्रोतहरुको अत्यधिक प्रयोग (Over Exploitation of Natural Resources)

३. वन विनाश (Deforestation)

४. औद्योगिकरण तथा शहरीकरण (Industrialization and Urbanization)



# वातावरणीय ह्रासका प्रभावहरु के के हुन् ?

वातावरणीय ह्रासका कारण वातावरणमा विभिन्न प्रकारका नकारात्मक परिवर्तन देखा पर्नुको साथै यसले पृथ्वीमा रहेका सबै जीवजन्तु तथा प्रणालीहरुमा प्रभाव पार्दछ । जस्तै :

१. वातावरणीय प्रदूषण (Enviromental Pollution)
२. जलस्रोतहरु मासिने (Extinction of Water Resources)
३. ऊर्जाको कमी (Scarcity of Energy)
४. जलवायु परिवर्तन (Climate Change)
५. मरुभूमिकरण (Desertification)
६. जैविक विविधता र कृषिमा ह्रास (Loss of Biodiversity and Agriculture)
७. कुपोषण र अकाल (Malnutrition and Famine)
८. आर्थिक तथा खाद्यान्न संकट (Economic and Food Crisis)
९. ओजन तह क्षयीकरण (Depletion of Ozone Layer)
१०. अम्ल वर्षा (Acid Rain)

११. भू क्षय (Soil Erosion)

१२. जीवनको गुणस्तरमा ह्रास तथा गरिवी वृद्धि (Low Quality of Life and Poverty)

१३. साँस्कृतिक तथा मानव सम्पदाको विनाश (Destruction of Human and Cultural Heritages)

१४. सामाजिक तथा सांस्कृतिक असन्तुलन (Socio-cultural Imbalance)

# बालबालिकासँग वातावरणको कस्तो सम्बन्ध रहेको हुन्छ ?

मानव जीवनमा बाल्यअवस्था ज्यादै सम्वेदनशील र जिज्ञासु अवस्था हो । उनीहरु घर भित्र भन्दा बढी समय वातावरणमै रमाउन, खेल्न, घुम्न र खान मन पराउँछन । वयस्कहरुले जस्तै बालबालिकाहरुले जीवनका आधारभूत आवश्यकता जस्तै हावा, पानी, माटो, उर्जा, वनस्पति, वन्यजन्तु तथा खनिज पदार्थ सबै वातावरणबाटै प्राप्त गर्दछन् । यो उमेरमा उनीहरुले प्रसस्त मात्रामा पानी उपभोग गर्ने, स्वास प्रस्वासको मात्रा बढी हुने र खाना पनि शरीरको तौल अनुसार रुची हुने भएकाले बाल्यजीवनको वातावरणसँग गहिरो अन्तरसम्बन्ध रहेको हुन्छ । त्यस्तैगरि वातावरणमा उनीहरुलाई हानी गर्ने तत्वहरु पनि रहेका हुन्छन् ।

वयस्कहरुको तुलनामा बालबालिकामा रोग प्रतिरोध क्षमता कम हुन्छ जसका कारण उनीहरु वातावरणीय समस्याहरुको बढी सिकार हुने गर्दछन् । वातावरणमा हुने हरेक परिवर्तनले उनीहरुको मानसिक, सामाजिक, शारिरीक तथा नैतिक विकास साथै जीवनस्तरमा नकारात्मक असर पार्दछ । यस्ता प्राकृतिक प्रकोप र ह्रासहरुले प्रत्यक्ष

## विषादी र अमलेखगन्जको त्रासमय जीवन

करिब ४० वर्ष अघि देखि बारा जिल्लाको अमलेखगन्ज स्थित एउटा गोदाममा ५०.९ मेट्रिक टन विभिन्न प्रकारका विषादी भण्डारण गरी राखिएको छ। कुल विषादी मध्ये जीवनाशक २८.१० मेट्रिक टन, अर्ग्यानो मरकरी ७.४० मेट्रिक टन, फ्यूमिग्रान्ट्स २.० मेट्रिक टन, हर्बिसाइडस् १.४० मेट्रिक टन् रहेका छन्। यस्ता विषादी कुनै प्रक्रियाबाट वातावरणमा चुहिने हो भने मानव स्वास्थ्यमा यसले अत्याधिक हानी गर्दछ। यस विषादीमा HCH, DDD, DDE, DDT आदि जस्ता हानिकारक तत्वहरु रहेका छन्। यस्ता तत्वहरुले यस गोदाम वरपर रहेका बसिन्दा तथा श्री नेपाल माध्यमिक विद्यालयका ८०० जना बालबालिकाहरु, शिक्षक र कामदारहरुको जीवन जोखिमपूर्ण अवस्थामा रहेको छ। यस विषादीको असर बालबालिकामा भने देखा परिसकेको छ। जसको कारण ३ देखि १५ वर्षका बालबालिकामा टाउको दुख्ने, वान्ता हुने मुटु, छाला र आँखा सम्बन्धी समस्याहरु आदि जस्ता समस्याहरु देखा परिसकेका छन्। यस्तो अवस्थाले गर्दा त्यहाँका बालबालिका लगायत सबै बासिन्दाहरु सधैं त्रासमा बाच्नु परिरहेको छ। यसले गर्दा बालबालिकाहरुको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार हनन् भएको छ।

*(नोट: अमलेखगन्जमा भण्डारण गरिएको विषादी २०६८ साल भित्र हटाउने प्रक्रिया अगाडि बढेको समाचारमा आएको छ।)*

वा अप्रत्यक्ष रुपमा बालबालिकाको जीवनलाई खलबल पुऱ्याई नकारात्मक प्रभावहरु पर्दै आएको छ । उदाहरणका निम्ति :

- बाढी पहिरो जानाले बालबालिकालाई विद्यालय जान बाट वञ्चित गराउँछ । उदाहरणका लागिः सन् २०११ सेप्टेम्बर ११ मा दक्षिण पाकिस्तानमा अति बर्षाका कारण आएको बाढीले २५ लाख बालबालिकाहरु प्रभावित भई विद्यालय जान पाएनन् । हाम्रै देशमा पनि वर्षेनी बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपबाट बालबालिकामा परेको हानी नोक्सानी हामीले देख्ने, भोग्ने र सुन्ने गरि आएकै छौं ।
- कुनै वर्ष धेरै पानी परेर बाली बिगार्ने त कुनै वर्ष पानी नपरेर सुख्खा लाग्ने भएर खेतीपाती



रास्रो नभएकोले बालबालिकालाई प्रसस्त खाना पुग्दैन र कुपोषण जस्ता समस्याहरु देखा पर्दछन् ।

- जलस्रोतहरुमा प्रदूषण हुँदा बालबालिका झाडा-पखलाबाट पीडित हुन्छन् भने कतिको त मृत्यु समेत हुने गर्दछ ।
- बढ्दो जनसंख्या र शहरीकरणका कारण वायु प्रदूषण बढेको छ जसले गर्दा बालबालिकामा स्वास-प्रस्वाससम्बन्धी रोगहरु बढ्दै गएका छन् ।

यसरी वातावरण र बालबालिकाबीच प्रत्यक्ष सम्बन्ध कायम रहेको सन्दर्भमा स्वच्छ वातावरणमा हुर्किन पाउनु बालबालिकाको नैसर्गिक अधिकारका रुपमा स्थापित छ । त्यसैले बालबालिकाको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार, गुणस्तरीय जीवन जीउने अधिकार, वातावरणीय शिक्षा र स्वस्थ्य जीवन प्राप्त गर्ने अधिकार, वातावरणमा आफ्नो पहिचान र स्वतन्त्रता पाउने अधिकार, पौष्टिक र स्वच्छ खाना खान पाउने अधिकार र सुरक्षित जीवन जीउन पाउने अधिकारलाई सुरक्षित राख्न वातावरण संरक्षण गर्नु अत्यन्त जरुरी छ ।

# जलवायु परिवर्तन केलाई भनिन्छ ?


पृथ्वीमा समय समयमा हुने मौसम परिवर्तनको ढाँचा केही वर्ष देखि बदलिंदै आएको छ । कुनै साल धेरै वर्षा हुने, बाढी पहिरो जाने त कुनै साल खडेरी तथा सुख्खा भएर गर्मीयाममा लू लाग्ने हुन थालेको छ । यसरी लामो समयसम्म बदलिदैआएको मौसमको ढाँचा जसले जनजीवनलाई प्रभावित बनाएको छ त्यही वातावरणीय परिवर्तनलाई जलवायु परिवर्तन भनिन्छ ।

मौसम भन्नाले छिनछिनमा परिवर्तन भईरहने वायुमण्डलीय अवस्थालाई बुझाउँछ । मौसमका तत्वहरुमा वायुमण्डलको तापक्रम, वर्षा, हावाको गति तथा दिशा, आद्रता आदि पर्दछन् । यी तत्वहरु क्षणक्षणमा परिवर्तन भइरहन्छन् । यसलाई हामी मौसम परिवर्तन भन्दछौं । जस्तै : पानी परेको दिन, घाम लागेको दिन आदि । जलवायु परिवर्तन भनेको चाँहि ती मौसमका तत्वहरुमा लामो समयको अन्तरालमा आउने औसत परिवर्तन हो ।

# जलवायु परिवर्तन कसरी हुन्छ ?

हाम्रो दैनिक कियाकलापहरु जस्तै उद्योग-धन्दा, कलकारखाना, कृषि, यातायात लगायत वनफडानी तथा आगलागीजस्ता क्षेत्रहरुबाट कार्वनडाई अक्साइड, मिथेन, नाइट्रस अक्साइड, क्लोरोफ्लोरो कार्वन जस्ता विभिन्न ग्याँसहरु वायुमण्डलमा उत्सर्जन हुन्छन् । यस्ता ग्याँसहरुलाई हामी हरितगृह ग्याँस भन्दछौं ।

पृथ्वीको वायुमण्डलको माथिल्लो भागमा



यस्ता ग्याँसहरु एउटा तह बनाएर बसेका हुन्छन् । ती हरितगृह ग्याँसहरुले सूर्यबाट आएका प्रकाशका किरणहरु वायुमण्डलमा छिर्न दिन्छन् तर पृथ्वीबाट बाहिर जान भने केहि मात्रामा रोकिदिन्छन् । फलस्वरुप पृथ्वी न्यानो भइरहन्छ । यस प्रकियालाई हामी हरितगृह प्रभाव भन्दछौं ।


यो प्रकिया हामीलाई अत्यावश्क हुन्छ किन भने हरितगृह ग्याँस नहुने हो भने पृथ्वीको सरदर तापक्रम -१८ डिग्री सेल्सियस हुने थियो जुन यस जगत वा प्राणीहरुको लागि प्रतिकूल अवस्था हो । तर आजभोलि विभिन्न स्रोतहरुबाट ती हरितगृह ग्याँसहरुको मात्रा वायुमण्डलमा बढ्दै गइरहेको छ । फलस्वरुप पृथ्वीको औसत तापक्रम वृद्धि भइरहेको छ । यसलाई विश्वव्यापी उष्णता भनिन्छ । यहि उष्णताले गर्दा जलवायु परिवर्तन जस्तो विकराल समस्या देखा परेको छ । यस्ता हरितगृह ग्याँसहरु प्राकृतिक रुपमै उत्सर्जन पनि हुने गर्दछन् जुन मात्रा हामीलाई हानिकारक हुँदैन ।

# जलवायु परिवर्तनका असरहरु के के हुन् ?

जलवायु परिवर्तनका थुप्रै असरहरु देखा परेका छन् । तिनीहरु मध्ये केहीलाई तल उल्लेख गरिएको छ ।

१. जलवायु परिवर्तनका कारण हाम्रा हिमालहरु तिब्र गतिमा पग्लिरहेका छन् । यसका कारण अहिले खोलानालामा बाढी आउने तथा पछि पानीको समस्या पर्न सक्नेछ ।

२. हिमाल पग्लेर हिमतालहरु बन्ने क्रम पनि हालका दिनहरुमा बढिरहेको छ । ती हिमतालहरुको क्षेत्रफल बढ्दै जाने हुँदा विष्फोटन हुन सक्ने सम्भावना पनि प्रशस्त छ । हिमताल विष्फोटबाट आउने बाढीले



(Glacial Lake Outburst Flood, GLOF) तल्लो भागमा बसोबास गर्ने मानिसहरुको धनजनको क्षति हुन्छ ।

३. खोलानालाहरु सुख्खा हुने, आकाशबाट समयमा पानी नपर्ने, नयाँ प्रकारको रोग व्याधीहरु देखापर्ने आदि समस्याले कृषि उत्पादकत्वमा निरन्तर ह्रास आउने देखिन्छ ।

**झाडा पाखलाको माहामारी : जाजरकोट**

सन् २००९ अप्रिलमा हाम्रो देशको जाजरकोट जिल्लामा झाडापखलाको माहामारी निकै फैलिएको थियो । स्वस्थ जीवन जीउन पाउनु सबैको अधिकार रहेता पनि त्यहाँका बासिन्दा भने प्रदूषित पानी खाएर बाँच्नु परेको कारण झाडापखलाबाट पीडितभएका थिए । तथ्यांक अनुसार यस माहामारीबाट जाजरकोटमा १४२, रुकुममा ३८, दैलेखमा १०, कालिकोटमा १, सुर्खेतमा १०, दाङमा १, रोल्पामा २, सल्यानमा ५ र डोल्पामा ६ जनाको मृत्यु भएको थियो । यसरी मृत्युवरण गर्नेहरु मध्ये ९० जना भने बालबालिका रहेका थिए । जलवायु परिवर्तनले गर्दा यस्ता समस्याहरुको प्रकोप अझै बढ्न सक्ने अनुमान गरिएको छ । यसरी प्रदूषित वातावरणबाट पीडित तथा स्वास्थ्य सेवाबाट वञ्चित भएका बालबालिकाहरुले स्वच्छ र संरक्षित वातावरणमा जीउन पाउनु पौष्टिक खाना र सरसफाईको अवसर पाउनु उनीहरुको अधिकार भित्रको कुरा हो ।

बाढी, पहिरो, खडेरी जस्ता प्राकृतिक विपत्तिहरु पनि बढ्दै छन् । यसले ठूलो धनजनको क्षति गर्दछ ।

४. तातो तथा चिसो हावा चल्ने, लामखुट्टे जन्य रोगहरुको प्रकोप, पानीको प्रदूषणका कारण लाग्ने रोगहरु जस्तैः झाडापखला, हैजा, आउँ आदिको प्रकोप बढिरहेको छ । जसले जनस्वास्थ्यलाई नकरात्मक असर पुऱ्याउँछ ।

५. माल्दिभ्स, बंगलादेश जस्ता देशहरुका समुन्द्री किनारामा रहेका वस्तिहरु समुद्रको सतह बढ्दै जाँदा खतरामा परिरहेका छन् । जसले त्यस क्षेत्रको सदियौँ देखिको सभ्यता समेत लोप हुने देखिन्छ । यी सबै कारणहरुले गर्दा मानिस लगायत अन्य प्राणीको जीवन पद्धतिमै ज्यादै नकारात्मक असर पर्न सक्ने देखिन्छ ।

६. तापक्रम बढ्दै जाँदा प्राणी तथा वनस्पतिहरुको लागि उचित वातावरण रहँदैन त्यसकारण सम्पूर्ण जैविक विविधतामा समेत धक्का पुग्ने देखिन्छ ।

नेपालको सन्दर्भमा जलवायु परिवर्तनका असरहरु छिट्टो र धेरै मात्रामा पर्ने अनुमान गरिएको छ । हालै गरिएको एक अध्ययन अनुसार नेपाल जलवायु परिवर्तनमा विश्वकै चौथो जोखिम राष्ट्रमा

परेको छ । कमलो भौगर्भिक अवस्था, आकाशेपानीमा निर्भर कृषि, हिमालबाट उत्पत्ति भएका नदीहरु, प्राकृतिक स्रोतमा अधिक निर्भरता तथा गरिवी र अशिक्षाले गर्दा नेपाल जलवायु परिवर्तनको निकै संवेदनशील राष्ट्रहरुमध्ये परेको हो ।

## जलवायु परिवर्तनका असरहरुलाई कसरी न्यूनीकरण गर्न सकिन्छ ?

जलवायु परिवर्तनका असरहरुलाई न्यूनीकरण गर्ने दुई तरिकाहरु छन् ।

१. **उत्सर्जन घटाउने :**

हरित गृह ग्याँसको उत्सर्जन घटाउनको लागि सर्वप्रथम हाम्रो जीवनशैलीलाई वातावरण मैत्री बनाउनु पर्छ । यसको लागि उर्जाको खपत कम गर्ने तथा नवीकरणीय तथा स्वच्छ उर्जाको प्रयोग गर्ने, वनजंगलको संरक्षण, फोहोरमैलाको उचित व्यवस्थापन लगायतका दीगो जीवनशैली अपनाउन सकेमा हामी वायुमण्डलमा हरितगृह ग्याँसको उत्सर्जन कम गर्न सक्दछौं ।

## २. **अनुकूलन :**

हरितगृह ग्याँसको मात्रा वायुमण्डलमा यस अघि नै यति धेरै मात्रामा छ कि जुन आजभन्दा पचास वर्ष पछिसम्मका लागि जलवायु परिवर्तनको कारक तत्वका रुपमा रहनेछ । तसर्थ यसका असरहरुलाई न्युनीकरण गर्न हामी बदलिदो वातावरण सुहाउँदो क्रियाकलापमा उन्मुख हुनु पर्दछ जसलाई अनुकुलन भनिन्छ । अनुकुलन अन्तर्गत भौतिक संरचनाको निर्माण जस्तै पुल-पुलेशा, बाटो-घाटो, तथ्याङ्क संकलन र त्यसको सहि उपयोग, विभिन्न सामुदायिक संघसंस्थाहरुको स्थापना तथा क्षतिपूर्तिको लागि बीमा आदि पर्दछन् । यसका केही उदाहरणहरुमा आकाशे पानी संकलन, बाली-नाली लगाउने समय



तथा बिउमा परिवर्तन, खोला नदीहरुमा तटबन्दी, वृक्षारोपण तथा भू-क्षय नियन्त्रण, प्राकृतिक प्रकोपहरुको पूर्व सूचना तथा पूर्व तयारी लगायत पर्दछन् । अनुकुलनको विधिमा मुख्यतया मानिस तथा अन्य प्राणीहरुको विपत्तिसँग लड्न सक्ने क्षमता अभिवृद्धि गरिन्छ ।

## जलवायु परिवर्तनका चुनौतीहरु विरुद्ध बालबालिकाहरुको तयारी

मानव जीवनको बाल्यकालमा भोगेका र अनुभव गरेका घटना र परिस्थितिले भोलिको युवा अवस्थाको मानसिक, शारिरीक र सामाजिक विकासमा धेरै प्रभाव पार्दछ । वास्तवमा भन्ने हो भने बाल्यकालमा देखेका र भोगेका कुराका आधारमा नै भावी जीवनको मार्ग कोरिन्छ । त्यसैले बालबालिकालाई जिम्मेवार नागरिकका रुपमा विकास गराउनका लागि उनीहरुको जीवनमा असर गर्ने कुनै पनि प्रक्रिया र गतिविधिमा सहभागी गराउँदै लैजानु पर्दछ । यसरी हेर्दा जलवायु परिवर्तनका चुनौतीहरु विरुद्ध लड्ने कार्यमा समेत उनीहरुको महत्वपूर्ण भूमिका हुनसक्तछ । जलवायु

परिवर्तनका चुनौतीहरु विरुद्ध लाग्नका लागि बालबालिकाले निम्नलिखित कार्यहरु गर्न सक्तछन्:

- वातावरण र जलवायु परिवर्तनसम्बन्धी पर्याप्त जानकारी लिई यस विषयमा सचेत बन्ने ।
- वातावरण तथा जलवायु परिवर्तनबाट आफ्नो सामुदायमा हुने प्रभाव र असरहरु पत्ता लगाई टिपोट गर्ने ।
- समुदायमा आएका समस्याहरु के के हुन सक्दछन्, खोज तलास गर्ने ।
- यस्ता समस्याहरु किन र कसरी भइरहेका छन् र यसबाट को प्रभावित हुन्छन् भन्ने कुराहरुको जानकारी लिने ।
- यस्ता समस्याहरुलाई समाधान गर्न समाज तथा राष्ट्रमा के कस्ता कार्यहरु भइराखेका छन् ? ती कार्यहरुमा आफू कसरी सहभागी हुन सकिन्छ र आफूले के कस्ता सीप र तालिमद्वारा यस्ता कार्यहरुलाई सफल बनाउन सकिन्छ भन्ने कुराहरु जानी राख्ने ।
- यस्ता समस्याहरुलाई समाधान गर्न परियोजना बनाउने । परियोजना कस्तो व्यक्ति वा समूहले राम्रो परिचालनमा ल्याउन सक्दछ,

यसका लागि के कस्ता माध्यमहरुको आवश्यकता रहन्छ भन्ने बारे सक्रिय रहने अनि सामुदायमा रहेका सबैलाई यस कार्यमा समावेश गराउन प्रयास गर्ने ।

- समुदायमा जलवायु परिवर्तन र यसबाट हुने प्रभाव र असरहरु बारे जनचेताना तथा सतर्कता फैलाउने ।
- सामुदायमा जलवायु परिवर्तन र यसबाट हुने प्रभाव र असरहरुबाट बँच्न के कस्ता उपायहरु अपनाउन सकिन्छ ? यसका न्यूनीकरण गर्ने उपायहरु के के हुन् ? भन्ने कुराहरुको नाटक, चलचित्र, चित्रकला, संवाद, टेलिभिजन, इन्टरनेट, आदिको माध्यमबाट प्रचार प्रसार गर्ने ।

माथि उल्लेखित गतिविधिहरु सञ्चालन गर्न एक्ला एक्लै कठिन हुन सक्तछ तसर्थ आफ्नै उमेर समूहका बालबालिकाले बालअधिकार मञ्च/बालक्लबको गठन गरेर काम अगाडि बढाउँदा सजिलो पर्दछ । बालक्लबका माध्यमबाट जलवायु परिवर्तन सम्बन्धमा काम गर्ने निकाय तथा संघसंस्थामा समन्वय गर्न पनि सहज हुन जान्छ ।

# वातावरण संरक्षण तथा सम्बर्द्धनमा बालसहभागितामा अपनाउन सकिने उपायहरु

वातावरणीय संरक्षण तथा सम्बर्द्धनका निम्ति बालबालिकालाई उनीहरुको उमेर अनुसार तयार गर्दै लैजानु पर्दछ । यसका निम्ति निम्नानुसार उपायहरु अपनाउन सकिन्छ,

## १. संरक्षण शिक्षा (Conservation Education)

वातावरणीय समस्याहरुलाई न्यूनीकरण गर्न बालबालिकालाई वातावरण संरक्षण शिक्षा दिइनु पर्दछ । वातावरण संरक्षण शिक्षाले उनीहरुमा वातावरण प्रति उत्तरदायित्व, सामाजिक सद्भाव तथा प्राकृतिक स्नेह जागरण गर्दछ । यस्तो शिक्षा पाठ्य पुस्तक, पत्रपत्रिका, लेख-रचना, वृत्तचित्र, छलफल, सभा, तालिम, भ्रमण, संवाद, वादविवाद आदिका माध्यमबाट हॉसिल गर्न सकिन्छ ।

## २. प्रदूषण नियन्त्रण (Pollution Control)

बालबालिकाको जीवन स्वच्छ र दीर्घ बनाउन प्रदूषण नियन्त्रण गर्नु अत्यन्त जरुरी छ । यसका

लागि उनीहरुलाई वातारण संरक्षण कार्यक्रम सञ्चालन गर्न, यातायात तथा औद्योगिक क्षेत्रलाई उचित व्यवस्थापन गर्ने प्रक्रियाबारे सचेत रहन, रासायनिक मल तथा विषादीको उचित प्रयोग बारे जानकार हुन, जैविक विधि अपनाउन र आफ्नो कर्तव्य बोध गरी परिपालना गर्न प्रोत्साहन गर्नु पर्दछ ।

## ३. **सरसफाई (Sanitation)**

बालबालिकाले वातावरणीय ह्रासको प्रभावबाट जोगिन वातावरणीय सरसफाई प्रति ध्यान दिनु पनि अत्यन्त आवश्यक छ । यसका निम्ति बालबालिकाले फोहोरमैला व्यवस्थापन तालिम, सभा तथा छलफल कार्यक्रममा सहभागी भई त्यसलाई आफ्नै घरेलु क्रियाकलापबाट उत्पन्न हुने फोहोरहरु व्यवस्थापन गर्न उपयोग गर्न सक्दछन् । वातावरणलाई अझ स्वच्छ, शान्त र रमणीय बनाउन उनीहरुले वृक्षारोपण पनि गर्न सक्दछन् ।

## ४. **जनचेतना मूलक कार्यक्रम (Awareness Programmes)**

वातावरणमा बढ्दो प्राकृतिक स्रोतहरुको अत्याधिक प्रयोग र मागलाई नियन्त्रण गर्न

बालबालिकाले बाल्यकाल देखिनै जनसंख्या नियन्त्रणबारे जानकारी पाउनु जरुरी छ । यसका निम्ति उनीहरुलाई जनचेतनामूलक कार्यक्रममा समावेस गर्ने, परिवार नियोजन शिक्षा प्रदान गर्ने, आयवृद्धि, महिला शिक्षा र रोजगारी अवसर तथा स्वास्थ्य सेवा, लिङ्ग भेद शिक्षा प्रदान गर्न सकिन्छ ।

## ५. वातावरणीय नियम तथा कानुन (Rules and Regulations)

वातावरण संरक्षणका निम्ति बालबालिकालाई वातावरणीय नियम तथा कानुनको व्यवस्था र परिचालनको महत्वबारे बोध गराउने, उचित शहरीकरण तथा व्यवस्थापन, उद्योग र सामाजिक सुरक्षाबारे जानकारी गराई त्यसलाई निरन्तर रुपमा परिचालन गर्न हौसला बढाउन सकिन्छ ।

## ६. वैकल्पि प्रविधि (Alternative Technology)

वातावरण संरक्षणलाई अझै व्यवस्थित बनाउन बालबालिकालाई वैकल्पिक प्रविधि तथा Recycle, Reuse, Reduce प्रकिया, वृक्षारोपण, वातावरण प्रतिको उनीहरुको कर्तव्यप्रति सचेत गराउनु पनि उतिकै आवश्यक छ ।

## ७. प्राथमिक उपचार (First Aid)

बालबालिकाको भविष्य र स्वस्थ्य जीवनलाई गुणात्मक बनाउन उनीहरु खेल्ने, घुम्ने, बस्ने तथा उनीहरुको विद्यालय रहेको क्षेत्रलाई बालबालिकाको पनि सहभागितामा वातावरणीय संरक्षित क्षेत्र बनाउनु पर्दछ। यस्ता उपायहरु लागू गर्दा गर्दै पनि उनीहरुको जीवन प्राकृतिक प्रकोपबाट पीडित हुन सक्ने सम्भावना धेरै भएकोले उनीहरुलाई प्राथमिक उपचार तथा बचाउ सम्बन्धी तालिम दिन सकिन्छ।

## ८. वार्षिक कार्य पात्रो (Annual Event Calender)

बालबालिकाले वातावरण संरक्षणसम्बन्धी वार्षिक कार्य-योजना बनाउन सक्दछन् । यसका निम्ति उनीहरु बालअधिकार मञ्च/बालक्लब/इको तथा प्रकृति क्लबहरुको गठन गर्न र कार्यक्रम संचालन गर्न सक्दछन् । बालक्लबहरु मार्फत उनीहरु आफ्नो घर वा विद्यालय वरपर रहेको खाली ठाउँहरुमा नर्सरी व्यवस्थापन गर्न सक्दछन्। वैकल्पिक उर्जा प्रवर्धनबारे तालिम तथा शिक्षा, स्वास्थ्य र सरसफाईका कार्यक्रम, सांस्कृतिक सम्पदा संरक्षण कार्यक्रम तथा वातावरणसम्बन्धी अध्ययन र अनुसन्धानका काममा पनि बालबालिका सहभागी हुन सक्दछन् ।

# वातावरण संरक्षणमा बालबालिकालाई किन केन्द्रमा राखिनु पर्दछ ?

बालबालिका समाजका कोमल र संवेदनशील अंग हुन् । उनीहरुमा झाडा–पखला, औलो, कुपोषण आदि जस्ता रोगहरु सजिलै फैलने गर्दछ । झन् जलवायु र वातावरण परिवर्तनका प्रभावले यस प्रकारका रोगहरु अझ चाँडो फैलने सम्भावना रहेको छ । यसरी बालस्वास्थ्यका दृष्टिकोणले पनि जलवायु र वातावरण परिवर्तन सबैको चासोको विषय बनिरहेको छ ।

जलवायु र वातावरणीय परिवर्तनका कारणले विकसित राष्ट्रहरुका भन्दा नेपाल जस्ता विकासको क्रममा रहेका राष्ट्रहरुका बालबालिकाको जीवनमा धेरै प्रभाव परिरहेको पाइन्छ । जलवायु परिवर्तनका असरहरुबाट बालबालिकालाई बचाउन उनीहरुलाई वातावरणीय अनुकूलन तथा न्यूनीकरणमा समावेश गर्नु अहिलेको समयमा एउटा प्रभावशाली विधि हो । वातावरणीय अनुकूलन तथा न्यूनीकरणका योजना तर्जुमा तथा कार्यान्वयनका क्रममा बालबालिकालाई ध्यानमा राख्दै उनीहरु स्वयम्को

सहभागितालाई जोड दिनु पर्दछ । वातावरणीय संरक्षणमा बालबालिकालाई तयार गर्दा ध्यान दिनु पर्ने केही कुराहरु बुँदागत रुपमा तल प्रस्तुत गरिएका छन्,

सर्वप्रथमतः बालबालिका लगायत समग्र समाजलाई जलवायु तथा वातावरणीय परिवर्तनसम्बन्धी जानकारी गराई बालबालिकाको त्यस्ता परिवर्तनसँग अनुकूलन रहने क्षमतालाई



बलियो बनाइनु पर्दछ । यसका लागि उनीहरुलाई वातावरणीय संरक्षण कार्यहरुमा सहभागी गराउन सकिन्छ । बालबालिकाको सहभागिताले उनीहरुको आत्मविश्वास बढ्न जान्छ र वातावरणीय संरक्षणमा पनि योगदान पुग्दछ ।

बालबालिकालाई उनीहरुको वातावरणीय अधिकार प्रति सचेत गराउनु पर्दछ । यसका लागि उनीहरुलाई जलवायु र वातावरणीय परिवर्तनसम्बन्धी स्थानीय तह देखि अन्तराष्ट्रिय तहसम्मको वादविवाद तथा संवाद कार्यहरुमा सहभागी गराउन सकिन्छ । उनीहरुको यसप्रकारको सहभागिताबाट बालबालिकाको आवाज स्थानीय तह देखि अन्तराष्ट्रिय तह सम्म पुग्न मद्धत गर्दछ ।

बालबालिकालाई जलवायु र वातावरणीय परिवर्तन तथा अनुकूलन र न्यूनीकरण सम्बन्धी शिक्षा प्रदान गर्नु पर्दछ । यसो गर्नाले उनीहरुमा यस्ता परिवर्तनका असरहरुबाट बँच्ने क्षमता विकास हुँदै जान्छ । साथै उनीहरुलाई वातावरणीय समस्याहरुको समाधान गर्ने उपायहरुको खोजी गर्न पनि मद्दत पुग्दछ । यसबाट उनीहरुको वातावरणीय अनुकूलन जीवन बाँच्न पाउने अधिकार सुरक्षित हुन्छ ।

बालबालिकाको आवश्यकता र उनीहरुको जोखिम जीवन प्रति ध्यान आकर्षण गर्न विभिन्न सरकारी निकायहरुबीच समन्वय तथा सहकार्य हुनु पनि अत्यन्त आवश्यक छ। यसले हरेक समुदायका बालबालिकालाई समानुपातिक सुविधा पाउन मद्धत गर्दछ । यसबाट बालबालिकाको स्वच्छ जीवन जीउने, सफा वातावरणमा र गुणस्तरीय शिक्षा हाँसिल गर्ने लगायत अन्य अधिकारहरु सुरक्षित हुन्छन् ।

यसरी बालअधिकार उपभोग गरी योग्य बनेका बालबालिका वातावरण संरक्षण र दीगो विकासका गतिशील आधारहरु हुन् । वास्तवमा उनीहरु नै समाज परिवर्तनका संवाहक हुन् । बाललबालिका प्रायः वातावरणमा भौतिक रुपमा बढी सम्पर्कमा रहने भएकाले उनीहरु वातावरणीय अनुसन्धानका प्रमुख माध्यम पनि हुन् ।

# वातावरण संरक्षणका निम्ति विश्वस्तर र नेपालमा भएका प्रयासहरु

वातावरणीय संरक्षणका लागि विश्व स्तरमा र नेपालमा नै पनि कतिपय गम्भीर प्रयासहरु आरम्भ भएका छन् । यीनलाई यसप्रकार उल्लेख गर्न सकिन्छ ।

१. सन् १९७९ को प्रथम विश्व जलवायु सम्मेलनले जलवायु परिवर्तनलाई गम्भीर समस्याको रुपम स्वीकार गऱ्यो ।

२. सन् १९८८ मा संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम (UNEP) र विश्व मौसम संघ (WMO) मिलेर अन्तरसरकारी जलवायु परिवर्तन संयन्त्र (IPCC) स्थापना गरे । यसले जलवायु परिवर्तनको वैज्ञानिक आधार, जलवायु परिवर्तनको अहिलेको र भविष्यमा हुन सक्ने अवस्था र त्यसको वातावरण र सामाजिक आर्थिक क्षेत्रमा पार्ने असरहरु बारे विश्वलाई जानकारी दिन्छ । यसले प्रत्येक तीन वर्षमा वैज्ञानिक अनुसन्धान प्रतिवेदन प्रकाशित गर्दछ । यसको चौथो अध्ययन

प्रतिवेदन सन् २००७ मा प्रकाशित भएको थियो ।

३. सन् १९९२ मा भएको पृथ्वी सम्मेलनले जलवायु परिवर्तनका लागि संयुक्त राष्ट्रसंघीय खाका सम्झौता (UNFCCC) स्थापना गर्ने सहमति गऱ्यो । यसको मुख्य उद्देश्य जलवायुमा खतरायुक्त मानवीय हस्तक्षेप कम गर्नु, वायुमण्डलमा हरितगृह ग्याँसको मात्रा स्थिर गर्नु रहेको छ ।

४. सन् १९९७ मा हरितगृह ग्याँस उत्सर्जन कम गर्ने तथा यसको विकासलाई आर्थिक सहयोग गर्ने उद्देश्यका साथ क्योटो अभिसन्धि लागू गरियो । नेपाल लगायत यस अभिसन्धिको १८७ वटा सदस्य राष्ट्रहरु छन् । यसका पक्ष राष्ट्रहरुको वार्षिक सम्मेलनलाई पक्षराष्ट्रहरुको सम्मेलन (COP) भनिन्छ । कोपन हेगेन (COP-15) बैठकका रुपमा परिचित राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलन सन् २००९ को ७ देखि १८ डिसेम्बरमा डेनमार्कको राजधानी कोपन हेगेनमा सम्पन्न भयो । यस सम्मेलनले जलवायु परिवर्तनलाई हाम्रो समयको सबैभन्दा ठूलो चुनौतीका रुपमा स्वीकार गर्दै जलवायु परिवर्तनका

चुनौतीहरुलाई तुरुन्तै सामना गर्नका लागि गहिरो राजनीतिक इच्छा शक्तिको आवश्यकता रहेको कुरामा जोड दिएको थियो । यसको सत्रौं सम्मेलन सन् २०११ मा दक्षिण अफ्रिकाको दर्वान शहरमा भयो । आउँदो वर्षको सम्मेलन (CP-18) कतारको दोहाम हुँदैछ ।

५. नेपाल सरकारले वातावरणका मुद्दाहरुलाई सम्बोधन गर्न वातावरण संरक्षण ऐन (Environment Protection Act)-२०५३ र वातावरण संरक्षण नियमावली (Environment Protection Regulation) -२०५४ लागू गरेको छ ।

६. जलवायु परिवर्तनका असरहरुलाई सम्बोधन गर्न नेपाल सरकारले राष्ट्रिय जलवायु अनुकूलन कार्यक्रम (National Adaptation Program of Action) बनाएको छ भने राष्ट्रिय जलवायु नीति (Climate Change Policy) पनि लागू गरिसकेको छ ।

# जानी राखौं !!

## १. प्रदूषण

पानी, हावा, माटो आदि वातावरणीय तत्वहरुको भौतिक, रासायनिक तथा गुणहरुमा परिवर्तन ल्याई स्थानीय वातारणमा मानिस लगायत अन्य सजीवहरुमा पार्ने नकारात्मक प्रभाव नै प्रदूषण हो ।

## २. वायु प्रदूषण

वायुमण्डलमा अनावश्यक बाहिरी पदार्थहरु जम्मा भई हावाको मौलिक संरचनामा परिवर्तन ल्याउनु वा वायुमण्डलमा आवश्यक भन्दा बढी वा अनावश्यक वा नचाहेका पदार्थहरु थुप्रिने प्रक्रियालाई वायु प्रदूषण भनिन्छ ।

## ३. जलप्रदूषण

पृथ्वीमा रहेको कुनै पनि जल स्रोतमा बाहिरी पदार्थ मिसिनुका कारण पानीको मौलिक, भौतिक तथा रासायनीक गुणहरुको सन्तुलन बिग्रिनुलाई जल प्रदूषण भनिन्छ ।

## ४. माटोका ह्रास

भू-क्षयले माटोको मलिलोपन वा उत्पादकत्व वा उर्वरा शक्तिमा कमी आउनुका साथै माटोको जैविक, भौतिक तथा रासायनिक जस्ता मौलिक

गुणहरुमा देखा पर्ने नकारात्मक परिवर्तन वा माटोमा प्राङ्गरिक पदार्थको कमी हुँदै जाने प्रक्रियालाई माटोको ह्रास भनिन्छ ।

## ५. ध्वनि प्रदूषण

सामान्यतया नचाहिएको आवाज जुन मानिसले सहन सक्ने क्षमता भन्दा अधिक चर्को हुन्छ र यसबाट प्रत्यक्ष अप्रत्यक्ष रुपमा  मानिसको चेतना अङ्गहरु, रक्तसञ्चार प्रणाली, ग्रन्थी तथा स्नायु प्रणालीलाई प्रभावित पर्दछ भने यस प्रक्रियालाई ध्वनि प्रदूषण भनिन्छ ।

## ६. भू-क्षय

कुनै एक सतह वा स्थानको माटो अर्को स्थानमा प्राकृतिक तथा कृत्रिम तरिकाले थुपारिने प्रक्रियालाई भू-क्षय भनिन्छ ।

## ७. वन विनास

वन क्षेत्रमा नयाँ आउने रुख वा वनस्पतिका संख्याभन्दा विद्यमान रुखहरु वा वनस्पतिलाई धेरै संख्यामा काटेर लैजाने वा विभिन्न कारणले मासिने कार्यलाई वन विनास भनिन्छ ।

## ८. बाढी

कुनै पनि स्थानमा सामान्य अवस्थामा भन्दा बढी पानी परी बगेर जाने र वरपर रहेको

वातावरणलाई क्षति गर्ने प्रक्रियालाई बाढी भनिन्छ ।

## ९. पहिरो

भौगर्भिक हलचलका कारण जमीनको सतहमा विद्यमान माटो वा अन्य पदार्थका ढिक्का वा अङ्गहरु अग्लोबाट होचो स्थानतर्फ झर्ने प्रक्रियालाई पहिरो भनिन्छ ।

## १०. औद्योगिकरण तथा शहरीकरण

शहरी क्षेत्रमा बस्ने जनसंख्याको अनुपातमा भएको बृद्धिलाई शहरीकरण भनिन्छ । औद्योगिकरण भन्नाले उद्योगहरुको संस्था तथा आकार बढ्नुलाई बुझाउँछ ।

## ११. मरुभूमिकरण

कुनै पनि जमिन परिवर्तनको कारण बलौटे माटो ज्यादै धेरै तापक्रम पानीको अभाव, अधिक वाष्पीकरण, ज्यादै कम वर्षा, ज्यादै कम आद्रता, सुख्खा जलवायु, ज्यादै हावा वा हुरी चल्ने सामान्तया वनस्पति तथा जीवजन्तु बाँच्न नसक्ने अवस्थामा पुग्ने प्रक्रियालाई नै मरुभूमिकरण भनिन्छ ।

## १२. अम्ल वर्षा

वायुमण्डलमा रहेका अम्लीय तत्वहरुका अवशेषसँग पानीको वाफहरु मिलि वर्षाका रुपमा

पृथ्वीमा झर्ने प्रकियालाई अम्लीय वर्षा भनिन्छ ।

**१३. अकाल**

वातावरणमा आएको परिवर्तनका कारण कृषि तथा खेतिपातिमा ह्रास आउने र जलस्रोतहरु प्रदुषित वा जलको अभाव हुन सक्दछ । कहिलेकाही यस्तो परिस्थितिले मृत्युलाई समेत निम्त्याउँछ । यस्तो अवस्थालाई नै अकाल भनिन्छ ।

**१४. कुपोषण**

सामान्यतया शरीरलाई औसत मात्रामा चाहिने पौष्टिक तत्वहरुको कमि भएका कारण विभिन्न रोगहरु लाग्ने तथा शरीर लुलो र विरुपता हुने प्रकियालाई कुपोषण भनिन्छ ।

**१५. गरिबी :**

दैनिक जीवनयापन गर्न मानिसका धेरै आवश्यकताहरु हुन्छ । कुनै पनि अवस्थाका कारण यस्ता आवश्यकताहरु पूरा हुन नसक्ने परिस्थितिलाई गरिबी भनिन्छ ।

## सन्दर्भ सामग्री


- सिविन नेपाल, सेभ द चिल्ड्रेन (२०१०), बालअधिकार सचेतना पुस्तिका : सिविन नेपाल, रविभवन, काठमाडौँ, नेपाल
- डमिन्द्र दाहाल र चिरञ्जीवी भट्टराई (२०६६), नेपालमा जलवायु परिवर्तनका प्रभाव, चुनौती र विकल्प : राष्ट्रिय प्रकृति संरक्षण कोष, ललितपुर
- द स्मल् अर्थ् नेपाल, जलवायु परिवर्तन साझा चासोः साझा प्रयास : द स्मल् अर्थ् नेपाल, नयाँ वानेश्वर काठमाण्डौं
- Shrestha, R. & Suwal, A. (2006), Environment Science for grade 6/7, Ekta Publication, Thapathali, Kathmandu
- Gurung, J.B. (2060), Concept of Environmental Education, M.K Publisher and Distributor, Kathmandu, Nepal
- Children and the environment – a lethal combination

  www.albaeco.com/sdu/22/htm/main.htm

- Children and Disasters : Understanding Impact and Enabling Agency : Children in a Changing Climate Research, Plan, Save the Children and UNICEF

  www.childreninachangingclimate.org/database/ccc/publications/impacts

- Gautam, D & Oswald, K. (2008), Child Voices : Children of Nepal Speak Out on Climate Change Adaptation, Children in a changing climate research, Plan, Save the Children and UNICEF

  www.childreninachangingclimate.org/database/ccc/publications/child

- UNFCCC, Climate Change : Impacts, Vulnerabilities and Adaptation in Developing Countries

  www.unfccc.int/resource/docs/publications/impacts.pdf

- Shah, B.P. & Devkota, B. (2009), The Journal of Agriculture and Environment Vol:10, Jun 2009 Obsolete Pesticides: Their environmental and Human health hazards

www.moac.gov.np/publications/journal2009

- Monitoring/Investigation Report on the Death of general Public due to Diarrhea/Cholera and Distribution of Districts including Jajarkot : National Human Rights Commission, Harihar Bhawan, Lalitpur, Nepal www.nhrc-nepal.org/publications/doc/reports/Jajarkot_epidemic-investigation

- UN, New York 30 Sept-1990, Children and the environment, World Summit for Children : RRN library




वातावरणीय संरक्षणका लागि कुनै एउटा संस्था, व्यक्ति वा सरकार मात्रले पनि सक्दैन। यसका लागि बालबालिका लगायत सम्पूर्णको उत्तिकै दायित्व र भूमिका हुन सक्तछ । वातावरणीय संरक्षण सम्बन्धमा बालबालिकाको भूमिकाको कुरा गर्दा उनीहरुलाई स्वच्छ वातावरणसम्बन्धी अधिकारको पहिचान गराउँदै वातावरण संरक्षणमा उनीहरु स्वयम्ले गर्न सक्ने योगदानको पहिचान गरिनु आवश्यक भएको छ ।

CWIN
सिविन–नेपाल

सिविन–नेपाल
रवीभवन, काठमाडौं, नेपाल, फोन नं. ४२८२२५५, ४२७८०६४
इमेल: cwin@mos.com.np, वेबः www.cwin.org.np